# नेपाल राष्ट्र बैंक
## भुक्तानी प्रणाली विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।
फोन नं. : ४४१९८०४/५/७
Website: www.nrb.org.np
E-mail : psdept @nrb.org.np


पत्र संख्या : भु.प्र.वि/नीति/परिपत्र/६/०७९/८०

मिति :- २०८०/०३/२४

अनुमतिपत्रप्राप्त भुक्तानी सेवा प्रदायक संस्थाहरू ।

**विषय : भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन-२०७९ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

यस बैंकबाट अनुमतिपत्रप्राप्त भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाहरूलाई मिति २०७९/१०/१६ मा जारी गरिएको भुक्तानी प्रणाली सम्बन्धी एकीकृत निर्देशन-२०७९ को अ.प्रा.निर्देशन नं.११/०७९ को १(६) र ४ख(४) मा भएको व्यवस्थालाई देहायबमोजिम हुने गरी संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

**"यस बैंकबाट अनुमतिपत्र/इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था, मनिचेन्जर, विप्रेषण कम्पनी, भुक्तानी सेवा प्रदायक, भुक्तानी प्रणाली सञ्चालकमा सञ्चालक/पदाधिकारीको रुपमा बहाल रहेको व्यक्ति एकै पटक अन्य भुक्तानी सम्बन्धी कार्य गर्ने संस्थामा प्रतिनिधित्व गर्न वा कुनै पनि पदमा बहाल रहन पाउने छैन । तर कुनै अनुमतिपत्रप्राप्त संस्थामा भुक्तानी सम्बन्धी कार्य गर्ने अर्को संस्थाको लगानी रहेको अवस्थामा लगानीकर्ता संस्थाको तर्फबाट कर्मचारीले लगानी रहेको संस्थाको सञ्चालक समितिमा प्रतिनिधित्व गर्न तथा नेपाल सरकार वा यस बैंकले नियुक्त गरेको अवस्थामा उपर्युक्त व्यवस्थाले वाधा पुगेको मानिने छैन ।"**

भवदीय,

(गुरुप्रसाद पौडेल)
कार्यकारी निर्देशक